# खत्याड गाउँपालिका

# स्थानिय राजपत्र

## खत्याड गाउँपालिकाद्वारा प्रकाशित


| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः १५ | मितिः २०८१।०९।०५ |


## भाग-२

## खत्याड गाउँपालिका

नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानिय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खत्याड गाउँ कार्यपालिकाको ८१ औं बैठकले "नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" स्वीकृत गरेको छ ।

# खत्याड गाउँपालिका

## नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

खत्याड गाउँपालिका क्षेत्रभित्र नदीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, निषेधित क्षेत्रबाट नदीजन्य पदार्थ चोरी उत्खनन्, सङ्कलन तथा निकासीलाई निरुत्साहित गर्न, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत भएको स्थलबाट नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण, वितरण तथा ओसारपसार सम्बन्धी कार्यलाई व्यवस्थित गर्न, जनतालाई सस्तो र सहज आपूर्ति गर्न आवश्यक भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (घ) को देहाय (६) तथा खण्ड (प) को देहाय (७) ले नदीजन्य पदार्थ र अन्य वस्तुको सर्वेक्षण, उत्खनन्, सङ्कलन तथा उपयोगको दर्ता, अनुमति, नवीकरण खारेजी, व्यवस्थापन र सेवा शुल्क, दस्तुर उठाउने अधिकार प्रयोग गरी खत्याड गाँउपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "खत्याड गाँउपालिका नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

ख. यो कार्यविधि यस गाउँपालिकाको क्षेत्र भरी लागु हुनेछ ।

ग. यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "अनुगमन समिति" भन्नाले यस कार्यविधि बमोजिमको जिल्ला अनुगमन तथा समन्वय समिति र स्थानीय अनुगमन समिति समेतलाई सम्झनु पर्दछ ।

ख. "उद्योग" भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योगलाई सम्झनु पर्दछ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउनेछ ।

ग. "कार्यविधि" भन्नालेले खत्याड गाँउपालिका नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ ।

घ. "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खोल्सी, खहरे, नहर, कूलो, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सी र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको र थुप्रिएको ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी मिस्कट, भस्कट, गेग्रान, माटो तथा बहुमूल्य पत्थर, शीला, चुनढुङ्गा, स्लेट ढुङ्गा, दहत्तर बहत्तर (काठ दाउरा) र नदीको वहावबाट बगी आउने सबैखाले वस्तु र पदार्थलाई सम्झनु पर्दछ ।

ङ. “प्रारम्भिक वातावरणीय परीक्षण” भन्नाले वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण भन्ने सम्झनुपर्दछ ।

च. “मापदण्ड” भन्नाले दफा १९ बमोजिमको मापदण्ड सम्झनु पर्दछ।

छ. “राजश्व” भन्नाले नदीजन्य पदार्थ र दहत्तर वहत्तर (काठ दाउरा) आदिबाट प्राप्त हुने सरकारी रकम सम्झनु पर्दछ ।

ज. “वातावरणीय प्रभाव मूल्याङ्कन” भन्नाले वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन भन्ने सम्झनु पर्दछ ।

झ. “व्यवसायी” भन्नाले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्धी तथा बिक्री गर्न इजाजत प्राप्त गरेको व्यवसायी सम्झनु पर्दछ ।

ञ. “शुल्क” भन्नाले वनक्षेत्र बाहिर उत्खनन्, सङ्कलन भएका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त रकमलाई जनाउने छ । यो शब्दले निजी जग्गाबाट व्यवसायिक प्रयोजनका लागि सङ्कलन तथा बिक्री भएको नदीजन्य पदार्थ वापत प्राप्त हुने सेवा शुल्कसमेत सम्झनु पर्दछ ।

ट. “गाउँपालिका” भन्नाले संविधानको धारा ३०६ को उपधारा (१) को (ढ) बमोजिम गठित खत्याड गाउँपालिकालाई सम्झनु पर्दछ ।

ठ. “मन्त्रालय” भन्नाले नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्छ र सो शब्दले कर्णाली प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई समेत जनाउँदछ ।

ड. “परिमाण” भन्नाले खोलाको सीमाना भित्र थुप्रिएर बसेको नदीजन्य पदार्थको परिमाण सम्झनु पर्दछ।

ढ. "नगर प्रहरी" भन्नाले खत्याड गाउँपालिकाको नगर प्रहरीलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

क. नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण तथा ओसारपसार गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका सर्तहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ख. नदीक्षेत्र र ओसारपसार गरिने मार्ग वरिपरिको वातावरण संरक्षण गर्ने ।

ग. नदीजन्य पदार्थको अधिक दोहन हुनबाट रोकी दिगो उपयोग गर्दै यस्ता पदार्थको सहज आपूर्ति गर्ने प्रबन्ध मिलाउने ।

घ. नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ओसारपसार गर्ने सन्दर्भमा संघीय सरकार तथा प्रदेश सरकारबाट भएका विभिन्न निर्णयहरुलाई स्थानीय विशेषताका आधारमा कार्यान्वयन गर्न सहज तुल्याउने ।

ङ. उपभोक्तालाई सुपथ मूल्यमा नदीजन्य पदार्थ उपलब्ध हुन सक्ने वातावरण सिर्जना गर्ने ।

च. सार्वजनिक विकास निमार्णका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिने ।

छ. परापूर्व देखि जोतभोग गर्दै आएको जग्गालाई सम्याउने र खेती प्रणालीमा सुधार ल्याउने ।

ज. नदीमा थुप्रिएर रहेको नदीजन्य पदार्थ हटाई विपदलाई न्यूनीकरण गर्ने ।

## परिच्छेद- २

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

**४. अनुमति लिनु पर्नेः**

१. नदीजन्य पदार्थमा आधारित क्रसर उद्योग वा यस्तै प्रकृतिका अन्य उद्योग स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची (१) बमोजिमको ढाँचामा गाँउपालिकामा अनुमतिका लागि दरखास्त दिनु पर्नेछ।

२. उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्ति वा संस्थालाई सम्बन्धित स्थानीय तहले अनुसूची (२) बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

३. उपदफा (१) बमोजिम अनुमतिका लागि दरखास्त दिंदा प्रचलित नेपाल कानूनमा तोकिएका शर्त बन्देजका अतिरिक्त अनुसूची-४ बमोजिमको मापदण्ड र देहायका शर्तहरु पुरा गरेको हुनु पर्नेछः

क. उद्योग स्थापना गर्दा प्रचलित वातावरण कानून बमोजिम उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको प्रमाण संलग्न हुनु पर्नेछ ।

ख. उद्योगले प्राप्त गर्ने कच्चा पदार्थको स्रोत खुलाई त्यस्ता कच्चा पदार्थ उपलब्ध गराउने स्रोतवालासँग लिएको स्वीकृति, सम्झौता सहितका प्रमाण संलग्न राख्नु पर्नेछ ।

ग. उद्योग स्थापना गर्ने स्थलको भौगोलिक अवस्थिति GPS Point समेत निर्दीष्ट गरेको हुनु पर्नेछ ।

घ. उद्योगको क्षमता अनुसार गाँउपालिका क्षेत्र भित्र कम्तीमा १३ रोपनी जग्गा उद्योगको स्वामित्व वा लिज वा भाडामा रहेको हुनु पर्नेछ ।

४. यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन्, संकलन र भण्डारण गर्दा खत्याड गाउँपालिकाले स्थानीय भू-उपयोग नीति/निर्णय गरे बमोजिम गर्नु पर्नेछ ।

## परिच्छेद- ३

## उत्खनन्, सङ्कलन सम्बन्धी व्यवस्था

**५. कार्ययोजना बनाउनेः**

१. गाउँपालिकाले चालू आर्थिक वर्ष बाट लागु हुने गरी देहायका कुराहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्नेछ ।

क. उत्खनन्, संकलन गर्न हुने र नहुने क्षेत्र ।

ख. नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकास क्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण ।

ग. पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता ।

घ. बिक्री वितरणको प्रक्रिया ।

ङ. सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार ।

च. प्राप्त हुने अनुमानित आम्दानी ।

२. उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना दफा १७(१) बमोजिमको स्थानीय अनुगमन समितिबाट

फिल्ड निरीक्षण गराई लिखित प्रतिवेदन लिई सम्बन्धित कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

३. उपदफा (२) बमोजिमको कार्ययोजना गाँउपालिकाले प्रत्येक आर्थिक वर्षको जेठ मसान्तसम्म जिल्ला समन्वय समितिमा पेश गर्नु पर्नेछ ।

**६. वातावरणीय अध्ययनः**

१. नदीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री गर्ने खत्याड गाउँपालिकाले त्यसरी उत्खनन् गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ।

२. नदीजन्य पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ ।

३. खत्याड गाउँपालिका र नदीजन्य पदार्थ उत्खनन्, संकलन, प्रशोधन र बिक्री वितरण गर्ने उद्योगले नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा औंल्याइएका सुझाव र सुधारात्मक उपायको कार्यान्वयन गर्नु पर्नेछ ।

**७. नदीजन्य पदार्थको उत्खनन्, संकलन विधिः** यस कार्यविधि बमोजिम उत्खनन्, संकलन गर्दा उत्खनन्, संकलनकर्ताले (ठेक्का भएका बखत ठेकेदार र ठेक्का नलागेका बखत उपभोक्ता स्वयमले) देहायको सर्त तथा मापदण्डको पालना गर्नु पर्नेछः

क. नदीजन्य पदार्थ उत्खनन्, संकलन गरिने क्षेत्रको परिमाण एकिन गर्दा सम्बन्धित वडाका प्रतिनिधि, नगर प्रहरीको प्रमुख वा प्रतिनिधि र गाउँपालिकाको प्राविधिक समेतको रोहवरमा निकाल्ने स्थानको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन्, संकलन गरिने गहिराई समेत जानकारी गराई सीमाङ्कन गर्नुपर्ने ।

ख. उत्खनन्, संकलन पश्चात के कति परिमाण निकालेको रहेछ भनी नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन्, संकलन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण एकिन गरेपछि मात्र सो स्थानबाट उत्खनन्, संकलन कार्यको थालनी गर्ने । यसरी गरिएको सीमा भित्रबाट मात्र उत्खनन्, संकलनकर्ताले नदीजन्य वा अन्य पदार्थ उत्खनन्, संकलन गरी लैजान सक्ने ।

ग. नदीजन्य पदार्थ उत्खनन्, संकलन गर्दा कार्यालयबाट खटिएका नगर प्रहरी तथा कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सीमाबाट मात्र हाते औजार र श्रममूलक प्रविधिको मात्र प्रयोग गरी निकाल्ने ।

घ. उत्खनन्, संकलन गर्दा भारी यान्त्रिक उपकरणको प्रयोग सम्बन्धमा संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख भएकाको हकमा सोही बमोजिम हुने ।

ङ. नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्ने समय सुर्योदय देखी प्रारम्भ गरी सूर्यास्तसम्म मात्र कायम गर्ने।

च. उत्खनन्, सङ्कलन स्थलसम्म जाने र फर्कने मार्ग निर्धारण गाउँपालिकाले स्थानीय सहमतिका आधारमा गर्ने । उत्खनन्, संकलन परिमाण खुलेको नदी प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने । यो अभिलेखको निरन्तर अनुगमन गर्ने ।

छ. परिमाण नियन्त्रणका लागि दैनिक पटके उत्खनन्, संकलन अभिलेख खाता अनुसूची–५ बमोजिको ढाँचामा उत्खनन्, संकलन स्थलमा राख्ने।

ज. उत्खनन्, सङ्कलन गरि सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थलमा लगि छाड्नु पर्नेछ । उत्खनन्, संकलन गर्दा तोकिएको गहिराइ सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन्, संकलन गर्नु पर्नेछ । नदी तथा खोलाको पानीको बहाव क्षेत्र परिवर्तन गर्न नपाइने ।

झ. उत्खनन्, सङ्कलन कार्यमा खटिने ठेकेदारले EIA / IEE का सर्तका अलावा ठेक्का सर्त र अनुगमन समितिले बेला बेलामा दिइएको निर्देशन पालना गर्नु पर्ने ।

ञ. उत्खनन्, सङ्कलन गरी निकालिएको नदीजन्य पदार्थ दर्ता भएको ब्यवसायी बाहेकले सञ्चय गर्न निषेध गर्ने ।

ट. उत्खनन्, सङ्कलन सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनका सबै शर्त पालना गर्नु पर्नेछ ।

ठ. उत्खनन्, सङ्कलन स्थलमा ट्याक्टर, टिप्पर र ३५० घ. फीट सम्मका भारी ढुवानी साधन बाहेक अन्य साधन प्रवेशमा रोक लगाउने ।

ड. उत्खनन्, सङ्कलन स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरी उत्खनन्, संकलन स्थलमा मलमूत्र त्याग गर्न निषेध गर्ने ।

ढ. उत्खनन्, सङ्कलनका लागि पहिचान भएको घाट नजिक सबैले देख्ने गरी उत्खनन्, संकलन गरिने परिमाण, चौकिल्ला, उत्खनन्, संकलन विधि र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. लगायतका जानकारीमूलक सूचना बोर्ड तयार गरी राख्ने ।

ण. वन क्षेत्र, सार्वजनिक क्षेत्र र निजी नम्बरी जग्गाको नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री वितरण गर्दा तोकिएको कार्यविधि र मापदण्ड लागु हुने ।

**८. सूचना प्रकाशन गर्नेः**

१. स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले सिफारिस गरेको खोला, नदी, खहरे खोल्सी र नदी उकास क्षेत्रबाट वार्षिक उपलब्ध हुने नदीजन्य पदार्थको प्रकृति र परिमाण निश्चित गरी संघीय सरकार वा प्रदेश सरकारबाट तोकिएको दरको आधारमा अनुमानित आय तयार गरी स्वीकृत गर्नु पर्नेछ ।

२. सो परिमाणको नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलनको लागि सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली, २०६४ का साथै अन्य प्रचलित कानून अनुसार वातावरणीय परीक्षण प्रतिवेदनमा सिफारिस गरेको नाकाहरुबाट आय संकलनको लागि आवश्यक खरीद प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

**९. सम्झौता, कार्यदिश र वनक्षेत्र प्रवेश इजाजतः**

१. सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार आवश्यक प्रक्रिया पुरा गरी प्रारम्भिक परीक्षण प्रतिवेदनको अधीनमा रही व्यवसायीसंग सम्झौता गर्नु पर्नेछ ।

२. सम्झौता गर्नु अघि व्यवसायीले प्रचलित कानून बमोजिम कबोल अंक बराबरको रकम गाउँपालिकाको राजश्व खातामा जम्मा गरेको बैंक भौचर सहित सम्झौताका लागि निवेदन दिनु पर्नेछ। सम्पूर्ण नगद

एकै पटकमा बुझाउन सक्ने अवस्था नभएको खण्डमा किस्ताबन्दीमा बुझाउने कार्ययोजना सहित ठेक्का अवधि सकिने भन्दा कम्तिमा एक महिना अवधि बढी रहेको बैंक जमानत पेश गर्नु पर्नेछ । नगद तथा बैंक जमानत दुवै तत्काल दिन सक्ने अवस्था नरहेमा व्यवसायीको व्यवसायिक योजना अनुसार प्रथम किस्तामा कम्तिमा १० प्रतिशत नगद र त्यस पछि किस्ताबन्दीमा बुझाउने कार्ययोजना सहित सम्बन्धित व्यवसायीको नाममा जारी भएको बैंक चेकलाई जमानत मानी सम्झौता गर्न सकिनेछ । यसरी गाउँपालिकाको नाममा जारी भएको चेक जमानत ठेक्का रकमको २५ प्रतिशतले बढाएर चेक दिनु पर्नेछ । यी सबै प्रक्रिया गाउँ कार्यपालिकाको बैठकले स्वीकृत वा अनुमोदन गर्नु पर्नेछ ।

३. वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट सङ्कलन गरिने नदीजन्य पदार्थका हकमा खत्याड गाउँपालिकाले सङ्कलन गरिने खोला, नदी, खहरे, खोल्सी र नदी उकास क्षेत्रको स्थान, उत्खनन्, सङ्कलन हुने परिमाण, अवधि, उत्खनन्, सङ्कलनको प्रविधि र ढुवानीको प्रक्रिया लगायत अन्य आवश्यक विषय तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यादेश दिनु पर्नेछ ।

४. नदीजन्य पदार्थ सङ्कलन गरिने क्षेत्रसम्म पुग्ने पहुँच सडक व्यवसायीले आफ्नै खर्चमा निर्माण तथा मर्मत गर्नु पर्नेछ ।

५. वन क्षेत्रबाट नदीजन्य पदार्थ सङ्कलन गर्दा गाउँपालिकाले ठेक्का अनुसारको राजश्व र सोमा कानून बमोजिम लाग्ने कर दाखिला गरेको प्रमाण सहित सङ्कलन गर्ने स्थान, समय, परिमाण, प्रयोग गर्ने मेशिन औजार, सङ्कलन गर्ने क्षेत्र आदिको पूर्ण विवरण खुलाई सम्बन्धित वन कार्यालयसँग वन प्रवेश इजाजत माग गर्नुपर्नेछ र वन कार्यालयले माग भए बमोजिमको इजाजत दिई जिल्ला अनुगमन तथा समन्वय समितिबाट अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

६. वन कार्यालयबाट वन प्रवेश इजाजत प्राप्त भएपछि गाउँपालिकाले वन प्रवेश इजाजतमा उल्लिखित शर्तहरुको प्रावधान समेत समावेश गरी व्यवसायीसँग सम्झौता गरी कार्यादेश दिनु पर्नेछ ।

७. राष्ट्रिय वन, संरक्षण क्षेत्र, वातावरण संरक्षण क्षेत्र र अन्य संवेदनशील क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन गर्दा डोजर, स्क्याभेटर, लोडर जस्ता हेभी इक्यूपमेन्ट प्रयोग गर्न पाइने छैन । अन्य क्षेत्रको हकमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए बमोजिमका मेशिनरी औजार मात्र प्रयोग गर्नु पर्नेछ ।

८. नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कूलो, विद्यालय, क्याम्पस, मानवबस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा खत्याड गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशित गरी खत्याड गाउँपालिका भित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि सम्बेदनशील क्षेत्र घोषणा गरी नदीजन्य पदार्थ उत्खनन् र सङ्कलनमा रोक लगाउन सक्नेछ ।

९. नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्ने कार्य साउन महिनाको १ गते देखि भाद्र महिनाको मसान्त सम्म गर्न पाइने छैन ।

१०. नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन कार्य सूर्योदयदेखि सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ ।

११. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो तथा डुबानका कारण थुप्रिएको नदीजन्य पदार्थ तत्काल हटाउनु पर्ने भएमा खत्याड गाउँपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको सिफारिस अनुसार मेसिनरी औजारको प्रयोग गरी तत्काल हटाउन सक्नेछ ।

१२. नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेला परेमा तत्काल खत्याड गाउँपालिकामा बुझाउनु पर्नेछ र गाउँपालिकाले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

**१०. उत्खनन् तथा सङ्कलनको व्यवस्थाः**

१. नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन इजाजत दिनु पहिले गाउँपालिकाले नदीजन्य पदार्थहरुको उत्खनन् तथा सङ्कलन गर्दा अपनाउनु पर्ने विधि र नापजाँच प्रक्रियाका विषयमा सम्बन्धित व्यवसायीसँग सम्झौता गर्नु पर्नेछ ।

२. उपदफा (१) बमोजिम उत्खनन्, सङ्कलन गर्ने स्थान छनौट गर्दा वनक्षेत्र, सार्वजनिक जग्गा, सडक किनार र आवत- जावतमा अवरोध हुने गरी उत्खनन् सङ्कलन गर्न पाइने छैन ।

३. उत्खनन् सङ्कलन गर्दा आएको नदीजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ।

४. दहत्तर वहत्तर (काठ दाउरा ) को सङ्कलन र घाट गद्दी प्रचलित ऐन, नियम र निर्देशिका बमोजिम हुनेछ।

५. उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र उत्खनन् सङ्कलन गर्नु गराउनु हुँदैन । तोकिएको स्थानबाट तोकिएका नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु उत्खनन्, सङ्कलन गर्न पाइने छैन । तोकिएको स्थान बाहेक अन्यत्र उत्खनन्, सङ्कलन गरे गराएमा बिक्री मूल्यको दोब्बर रकम असुल गरी यस्तो मालवस्तु गाउँपालिकाले जफत गर्नेछ ।

६. नदीजन्य पदार्थ बाहेकका मालवस्तु उत्खनन्, सङ्कलन वा ओसारपसार गरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

७. गाउँपालिकाले नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र बिक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नु पर्नेछ र वर्षको कम्तिमा दुई पटक जिल्ला अनुगमन तथा समन्वय समिति समेतको रोहवरमा उत्खनन्, सङ्कलन स्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

८. सम्झौता बमोजिम नदी, खोला, खहरे, खोल्सा र नदी उकास क्षेत्रबाट निकालिएको नदीजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गतेभित्र व्यवसायीले गाउँपालिकामा पठाउनु पर्नेछ ।

## परिच्छेद ४

## नदीजन्य पदार्थ र दहत्तर वहत्तर बिक्री तथा राजस्व बाँडफाँड

### ११. नदीजन्य पदार्थको सदुपयोगः

१. सम्झौता अनुसार उत्खनन् तथा सङ्कलन गर्ने स्थानको व्यवसायीले अन्तिम जाँचको लागि गाउँपालिकामा निवेदन दिनु पर्नेछ र गाउँपालिकाले नदीजन्य पदार्थ सङ्कलन गर्ने क्षेत्रको स्थानीय अनुगमन समितिबाट जाँच गराउनु पर्नेछ । उक्त कार्य व्यवसायीबाट निवेदन परेको सात दिनभित्र गराई सक्नु पर्नेछ ।

२. अन्तिम जाँच सम्पन्न भएपछि व्यवसायीले गाउँपालिकाबाट बिक्री स्वीकृति लिई सम्झौता बमोजिमको दररेटमा नबढाई नदीजन्य पदार्थ बिक्री गर्न पाउनेछ ।

३. तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट नदीजन्य पदार्थ सङ्कलन उत्खनन् गरेको पाइए स्थानीय अनुगमन समितिले अनुगमन गरी क्षतिको मूल्याङ्कन गरी कारवाहीको लागि गाँउ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।

४. नदीजन्य पदार्थ निकाल्दा प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) ले सिफारिस गरेको स्थान बाहेकको नदी खोलाको किनार, वनक्षेत्र वा अन्य क्षेत्रबाट उत्खनन् सङ्कलन गरेको कारण सो स्थानको पुनर्स्थापना गर्नु परेमा पुनर्स्थापना गर्दा लाग्ने खर्च सम्बन्धित व्यवसायीबाट असुल गरी पुनर्स्थापना गर्नु पर्नेछ ।

५. स्थानीय अनुगमन समितिले गरेको सिफारिसका आधारमा क्षतिपूर्ति वा पुनर्स्थापना कार्य वापत रकम असुल गर्नु परेमा क्षतिपूर्ति र पुनर्स्थापना खर्च असुल गर्नु पर्नेछ ।

६. यस कार्यविधिमा अन्यत्र जुनसुकै व्यहोरा लेखिएको भएतापनि राष्ट्रिय गौरवका राष्ट्रिय प्राथमिकता प्राप्त तथा प्रदेश सरकारले तोकेका प्रादेशिक गौरवका आयोजनाहरु र गाउँपालिकाले निर्धारण गरेका गौरव तथा महत्वका आयोजना/योजनाका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको अनुरोधमा संघीय वा प्रदेश सरकारले निर्धारण गरेको दररेटमा कानून बमोजिम लाग्ने कर समेत जोडी गाउँपालिकाले आयोजनालाई सङ्कलन अनुमति दिन सक्नेछ ।

७. नदीजन्य पदार्थ उपलब्धताका आधारमा अन्तर प्रदेश निकासी गर्न पाइने छ । अन्तर प्रदेश निकासी गर्नु परेमा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

८. नदीजन्य पदार्थ विदेश निकासी सम्बन्धी व्यवस्था नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

### १२. नदीजन्य पदार्थको राजश्व दररेट र बाँडफाँडः

१. दहत्तर बहत्तर काठ दाउरा बाहेकका नदीजन्य पदार्थको राजस्वको दररेट संघीय वा प्रदेश सरकारले तोके बमोजिम हुनेछ । अन्य शुल्कहरु प्रदेश कर तथा गैहकर सम्बन्धी प्रचलित कानून बमोजिम लाग्नेछन् ।

२. नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त हुने शुल्कको रकम स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ उपदफा (१) बमोजिम गाँउपालिकाको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

३. गाउँपालिकाले नदीजन्य पदार्थको बिक्रीबाट आफूलाई प्राप्त रकमको बढीमा दश प्रतिशत रकम

नदीजन्य पदार्थ सङ्कलन, उत्खनन् गर्दा प्रभावित हुने क्षेत्रका समुदाय वा खोला नदी किनार संरक्षणका कार्यमा खर्च गर्न सक्नेछ ।

४. व्यक्तिको निजी जग्गामा रहेको नदीजन्य पदार्थ सम्बन्धित जग्गा धनिको निजी काम बाहेक व्यवसायिक रुपमा बिक्री गर्न अनुमती माग भएमा जिल्ला अनुगमन तथा समन्वय समितिको सिफारिसमा गाउँपालिकाले प्रदेश सरकारबाट तोकिएको शुल्क लिई अनुमति दिन सक्नेछ ।

## परिच्छेद-५

## नदीजन्य पदार्थको ओसारपसार र ढुवानी

**१३. दुवानी तथा ओसार पसार सम्बन्धी व्यवस्थाः**

१. नदीजन्य पदार्थको ओसार पसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

क. नदी तथ खोला प्रवेश आदेश लिई उत्खनन्, सङ्कलन गरिने घाटमा प्रवेश गरी उत्खनन्, संकलन गरी नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधिभर अनुसुची-६ बमोजिमको राजस्व तिरेको निस्सा साथमा लिएर मात्र ओसारपसार गर्नु पर्ने ।

ख. नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटकै पिच्छे पटके राजस्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनु पर्नेछ । पटके रसीदमा उल्लिखित विवरण (मिति, समय, सवारी नं, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार आदि) अनुगमनका क्रममा फरक परेमा सर्त उल्लङ्घन गरेको ठहर गर्ने ।

ग. नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन भएको स्थानबाट ओसारपसार गर्ने समय सुर्योदय देखी आरम्भ गरी सुर्यास्तसम्म मात्र कायम गर्ने ।

घ. खोलाबाट नदीजन्य पदार्थ निकाल्दा ट्रेक्टर र ३५० घ. फु. सम्मको ट्रक /टिप्पर मात्रको प्रयोग गर्न दिने । सो को अनुगमनको प्रबन्ध नगर प्रहरी, स्थानीय प्रशासन तथा सुरक्षा निकायले गर्नुपर्ने।

ङ. नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने सोको अनुगमनको प्रबन्ध नगर प्रहरी, स्थानीय प्रशासन तथा सुरक्षा निकायले गर्नु पर्ने ।

च. नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन्, सङ्कलन स्थलबाटै ढाकेर लैजानु पर्ने छ र बजार क्षेत्रमा १० कि.मी. र बाहिर ३० कि.मी. प्रति घण्टाभन्दा बढी गतिमा हाँक्न नपाउने ।

छ. मूल बाटोबाट उत्खनन्, सङ्कलन स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गको नियमित मर्मत सम्बन्धित गाँउपालिकाले गर्ने र धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खनन्, संकलनकर्ता र ढुवानीकर्ताले मिलाउनु पर्ने ।

ज. नदीजन्य पदार्थ लोड गरी ओसारपसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने । सवारी साधन बिग्रेको हकमा यथासम्भव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्ने ।

झ. नदीजन्य पदार्थको ओसारपसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको परिपालना सम्बन्धमा गाँउपालिकाले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउने ।

ञ. सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा सञ्चय गरी राख्न पाइने छैन । नदीजन्य पदार्थ बोकेको

सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न नपाइने ।

ट. जग्गा सम्याउँदा अनिवार्य साँध सँधियारको रोहवरमा सर्जमिन तयार गरी अनुमति दिइने ।

ठ. अन्तर खत्याड गाउँपालिकामा नदीजन्य पदार्थ ओसारपसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन नपाइने ।

**१४. निषेधित कार्यहरुः**

१. यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ:

क. प्रचलित कानून बमोजम बाहेक अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्न वा उद्योग सञ्चालन गर्न ।

ख. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

ग. नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका शर्त उल्लङ्घन गर्न ।

घ. नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

ङ. तोकिएको स्थान बाहेक अन्य स्थानमा उद्योग स्थानान्तरण र सञ्चालन गर्न ।

च. स्वीकृत उद्देश्य विपरित काम गर्न ।

छ. तोकिएको परिमाण भन्दा बढी उत्खनन्, सङ्कलन र प्रशोधन गर्न ।

ज. अनुमति नलिई वा अनुमति बर्खिलाफ उद्योग सञ्चालन गर्न ।

झ. पुरातात्विक, धार्मिक महत्वका र बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन्, तथा वितरण गर्न र स्वरुप परिवर्तन हुने गरी कुनै पनि क्रियाकलाप सञ्चालन गर्न ।

ञ. कार्यविधि विपरित हुने गरी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, ओसारपसार, बिक्री वितरण गर्न तथा उद्योग सञ्चालन गर्न ।

ट. नदी किनारमा निर्मित पूर्वाधारजन्य संरचनाको स्वरुप परिवर्तन हुने गरी स्वरुप विगार्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य गर्न ।

**१५. सजायको व्यवस्थाः** दफा १४ को उपदफा (१) बमोजिमका निषेधित कार्य वा यो कार्यविधि वर्खिलाफका कुनै कार्य गर्ने गराउने उपर प्रचलित कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

## परिच्छेद-६

## अनुगमन मूल्याङ्कन

**१६. जिल्ला अनुगमन तथा समन्वय समितिः**

१. नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, वा उद्योग स्थापना र सञ्चालन कार्यको प्रस्ताव कार्यान्वयन हुनु पूर्व, कार्यान्वयन गर्दा र कार्य सम्पन्न भैसकेपछि वातावरणमा पर्ने प्रभावको अध्ययन, विश्लेषण गरी

सुझाव दिनका लागि देहाय बमोजिमको जिल्ला अनुगमन तथा समन्वय समिति रहने छ ।

क. जिल्ला समन्वय समितिको प्रमुख -संयोजक

ख. खत्याड गाउँपालिकाको प्रमुख -सदस्य

ग. प्रमुख जिल्ला अधिकारी -सदस्य

घ. जिल्ला प्रहरी कार्यालयको प्रमुख -सदस्य

ङ. जिल्ला स्थित सशस्त्र प्रहरी बल प्रमुख -सदस्य

च. डिभिजन वन कार्यालयको प्रमुख -सदस्य

छ. नेपाल सरकार वा प्रदेश सरकार अन्तर्गत जिल्लामा कार्यरत मध्येबाट समितिले तोकेको इञ्जिनियर -सदस्य

ज. कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रमुख -सदस्य

झ. जिल्ला समन्वय अधिकारी - सदस्य सचिव

२. जिल्ला अनुगमन तथा समन्वय समितिले आवश्यकता अनुसार अन्य सम्बन्धित क्षेत्रका विज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३. जिल्ला अनुगमन तथा समन्वय समितिको कार्य विवरण देहाय बमोजिम हुनेछः

क. नदीजन्य पदार्थ सङ्कलन हुने क्षेत्रहरुको स्थलगत सर्वेक्षण गरी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन (IEE/EIA) को प्रावधान र ती प्रतिवेदन स्वीकृत/ कार्यान्वयन भएपछि आएका परिवर्तन समेतको लेखाजोखा गरी नदीजन्य पदार्थ सङ्कलन गर्न सकिने स्थानको नक्शा सहितको विवरण, निकाल्न सकिने नदीजन्य पदार्थको किसिम र परिमाण समेत एकिन गरी सम्बन्धित खत्याड गाउँपालिकामा प्रतिवेदन पेश गर्ने ।

ख. जिल्ला भित्र स्थापना हुने उद्योगले वातावरण, कृषि, मानवबस्ती, पानीका मूल, ताल, ऐतिहासिक तथा धार्मिक पोखरी, महत्वपूर्ण स्रोत सम्पदा र भौतिक संरचना लगायतमा पार्न सक्ने प्रभाव बारे प्रस्ताव, वातावरणीय प्रतिवेदनको अध्ययन, फिल्ड निरीक्षण गरी जिल्ला समन्वय समिति मार्फत खत्याड गाउँपालिका तथा मन्त्रालय वा अन्य निकायलाई आवश्यक राय सुझाव दिने ।

ग. जिल्लामा सञ्चालित नदीजन्य पदार्थमा आधारित उद्योगले सञ्चालनका क्रममा वा सञ्चालन पश्चात पार्ने असर बारे अध्ययन, निरीक्षण गरी प्रतिवेदन दिने ।

घ. नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, ढुवानी र बिक्री सम्बन्धी खत्याड गाउँपालिकाको कार्ययोजना कार्यान्वयन पूर्व, कार्यान्वयन चरण र कार्य सम्पन्न भैसकेपछि पर्न सक्ने सामाजिक, आर्थिक र वातावरणीय प्रभाव बारे अध्ययन, निरीक्षण र विश्लेषण गरी प्रतिवेदन दिने ।

ङ. नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, प्रशोधन र बिक्री वितरण सम्बन्धी प्रस्ताव सम्बन्धमा खत्याड

गाउँपालिकाबाट अनुरोध भई आएमा अध्ययन, निरीक्षण गरी राय सुझाव दिने ।

च. नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य कानून सम्मत कार्यान्वयन भए नभएको हेरी नियमन गर्नका लागि खत्याड गाउँपालिका र मन्त्रालयलाई सिफारिस गर्ने ।

छ. तोकिएको मूल्य भन्दा बढी लिएमा वा स्वीकृत मापदण्ड वा खत्याड गाउँपालिकासँग भएको सम्झौता विपरित सङ्कलन, उत्खनन्, संकलन र प्रशोधन वा बिक्री भएमा नियमन गर्ने व्यवस्था मिलाउने ।

ज. अन्तर खत्याड गाउँपालिका वा अन्तर जिल्ला क्षेत्राधिकार वा यस सम्बन्धी अन्य कुनै विषयमा कुनै विवाद भए समाधानका लागि समन्वय गर्ने।

झ. स्वीकृत कार्ययोजना र प्रचलित कानून विपरित गर्नेलाई कारवाही गर्ने ।

**१७. स्थानीय अनुगमन समितिः**

१.स्थानीय स्तरमा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण, क्रसिङ, प्रशोधन र बिक्री वितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन, स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवं गुणस्तर सुनिश्चित गर्न खत्याड गाउँपालिकाले सम्बन्धित खत्याड गाउँपालिकाको प्रमुखको नेतृत्वमा तपसिल बमोजिमको अनुगमन समिति गठन गर्नेछः

क. अध्यक्ष -अध्यक्ष

ख. उपाध्यक्ष -सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ. सम्बन्धित क्षेत्रको सब डिभिजन वन कार्यालयको प्रतिनिधि -सदस्य

ङ. सम्बन्धित क्षेत्रको ईलाका प्रहरी कार्यालयको प्रतिनिधि -सदस्य

च. सम्वन्धित वडा अध्यक्ष -सदस्य

छ. योजना पूर्वाधार र संरचना विकास समितिको संयोजक -सदस्य

ज. नगर प्रहरी प्रमुख -सदस्य

झ. पूर्वाधार शाखा प्रमुख -सदस्य सचिव

२. स्थानीय अनुगमन समितिको संरचना र कार्यविवरण गाउँपालिकाको कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-७

## विविध

**१८. नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी मापदण्डः**

१. नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन सम्बन्धमा अनुसूची-३ र नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना तथा सञ्चालन गर्ने प्रयोजनका लागि अनुसूची-४ बमोजिमको दूरी सम्बन्धी मापदण्ड लागू हुनेछ ।

२. उद्योग दर्ता र सञ्चालन सम्बन्धी अन्य विषयहरु प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

३. यस कार्यविधिमा अन्यत्र जुनसुकै व्यहोरा लेखिएको भएतापनि राष्ट्रिय गौरवका राष्ट्रिय प्राथमिकता प्राप्त तथा प्रदेश सरकारले तोकेका प्रादेशिक गौरवका आयोजनाहरु र खत्याड गाउँपालिकाका गौरव तथा महत्वका आयोजना/योजनाका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको अनुरोधमा प्रचलित कानून बमोजिम खत्याड गाउँपालिकाले आयोजनालाई आयोजना अवधिभरका लागि उद्योग स्थापना गर्न अस्थायी अनुमति दिन सक्नेछ ।

**१९. वातावरणीय पुनर्स्थापनाः**

१. उत्खनन्, सङ्कलन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसकेपछि हरियाली प्रवर्धन, तटबन्ध निर्माण, थिग्रयाउने पोखरी निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध, बाटो लगायतका भू तथा जलाधार संरक्षण जस्ता पुनर्स्थापनाका कार्यहरु गर्न सम्बन्धित खत्याड गाउँपालिकाले आय रकमको बढीमा १० (दश) प्रतिशत रकम विनियोजन गरी योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।

२. नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन कार्यबाट वातावरण, गाऊ बस्ती, कृषि भूमि, वनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला, नदी र आसपासका क्षेत्रको भू–बनौट, प्राकृतिक सुन्दरता, वन जङ्गल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न जिल्ला अनुगमन तथा समन्वय समितिको सिफारिसमा खत्याड गाउँपालिकाले सो कार्यमा तत्काल रोक लगाई संरक्षण पुनरुत्थानका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

३. खत्याड गाँउपालिकाले “वातावरण संरक्षण विशेष कोष” खडा गरी वातावरणीय पुनर्स्थापना गर्न, आवश्यक अनुगमन तथा सो सम्बन्धी अन्य विविध खर्चहरु यसै कोषबाट व्यहोर्नु पर्नेछ ।

४. अनुगमनका क्रममा सम्झौताको शर्त उल्लङ्घन गरेको वा राजस्व चोरी गरी उत्खनन् तथा ओसार पसार गरेको पाइएमा त्यस्ता उत्खननकर्ता वा ढुवानीकर्तालाई खत्याड गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख गरे बमोजिम जरिवाना गरिनेछ।

५. उपदफा (४) बमोजिम प्राप्त हुने जरिवानाको २० प्रतिशतले हुने रकम पक्राउ कार्यमा सहयोग गर्ने सुराकी, नगर प्रहरी, प्रहरी वा अन्य कर्मचारीहरुलाई पुरस्कार स्वरुप प्रदान गरिनेछ ।

**२०. विविध :**

१. ढुंगा, ग्राभेल गिट्टी, बालुवा, माटो, चट्टान खानीको रुपमा सञ्चालन गर्नुपर्ने भएमा संघीय वा प्रदेश सरकारले व्यवस्था गरे अनुसार हुनेछ ।

२. यो कार्यविधि पालना गर्ने गराउने कार्यमा जिल्ला अनुगमन तथा समन्वय समिति र खत्याड गाउँपालिकालाई स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३. नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, बिक्री वितरण तथा यी पदार्थमा आधारित उद्योगमा काम गर्ने मजदुरको बीमा, स्वास्थ्य, सुरक्षा तालिम र सुरक्षा सामाग्री सम्बन्धी व्यवस्था सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ ।

**२१. थपघट तथा हेरफेरः** यो कार्यविधि आवश्यकता अनुसार गाँउ कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**२२. बाधा अड्काउ, फुकाउ :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

**२३. खारेजी र बचाऊः**

२. यो कार्यविधिले गरेको व्यवस्था प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

## <u>अनुसूची-१</u>

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढाँचा

(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
खत्याड गाउँपालिका, रामतडी, मुगु

विषयः अनुमतिपत्र पाउँ भन्ने बारे ।

महोदय,

देहाय बमोजिमको उद्योग सञ्चालन गर्न इच्छुक भएकोले मेरो/ हाम्रो फर्म कम्पनीलाई अनुमतिपत्र प्रदान गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदनपत्र पेश गरेको छु/छौं। लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**<u>तपशिलः</u>**

१. फर्मको पूरा नामः
२. फर्मको पूरा ठेगानाः
३. उद्योग सञ्चालन गर्ने स्थान ( GPS लोकेसन समेत):
४. उद्देश्यः
५. पूँजी :
६. कारोबार गर्ने वस्तु तथा कामको विवरण:
७. संलग्न कागजातहरुः (फर्म दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, नविकरण गरेको प्रमाण, स्वघोषणा सम्बन्धी कागज)

दरखास्तवालाको नामः.........................

सहीः......................

नागरिकता नम्बरः......................

सम्पर्क नः.............................

## <u>अनुसूची-२</u>

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालनको अनुमति पत्रको ढाँचा

**(दफा ३ को उपदफा २ सँग सम्बन्धित)**

खत्याड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रामतडी, मुगु

**(अनुमति-पत्र)**

श्री.................

महाशय,

तपाईको फर्म / कम्पनीले.......... सम्बन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नुभएको निवेदन र संलग्न कागजात उपर कारवाही हुँदा मिति............... को निणर्यानसुार .................कार्य गर्ने गरी यो अनुमति पत्र दिइएको छ । प्रचलित कानून बमोजिम गर्नु गराउनु होला ।

१. अनुमति प्राप्त गर्ने फर्म कम्पनीको नामः

२. फर्म र कम्पनी संचालकको नामः

३. ठेगानाः

४. फर्म र कम्पनी सञ्चालन हुने स्थानः

५. चार किल्लाः

६. अनुमतिपत्र प्रदान गर्ने अधिकृतको नामः

दर्जाः

दस्तखतः

मितिः

,

द्रष्टव्यः यो अनुमतिपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन ......रुपैयाँ दस्तुर लाग्नेछ ।

# अनुसूची- ३

नदीजन्य पदार्थ सङ्कलन लागि निर्धारित दूरी सम्बन्धी मापदण्ड

(दफा १९ (१) सँग सम्बन्धित) विवरण

| क्र.स. | विवरण | न्युनतम दूरी (मीटरमा) |
|---|---|---|
| १ | नदी, खोलाको वर्षातको प्रवाहमा आधारित सीमा किनार | ५ मी. |
| २ | ऐतिहासिक धार्मिक महत्वका घाटक्षेत्रबाट | ५० मी. |
| ३ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २०० मी. |
| ४ | निकुञ्ज, आरक्ष क्षेत्र, संरक्षित क्षेत्र तथा चुरेको वातावरण संरक्षण क्षेत्रबाट | ५०० मी. |
| ५ | घनाबस्तिबाट | २०० मी. |
| ६ | वन क्षेत्रबाट | २०० मी. |
| ७ | झोलुंगे पुलबाट | २०० मी. |
| ८ | पक्की पुलबाट | ५०० मी. |
| ९ | राष्ट्रिय लोकमार्गको Right Of Way बाट | २०० मी. |
| १० | प्रदेश स्तरका लोकमार्गको Right Of Way बाट | १०० मी. |
| ११ | स्थानीय स्तरका कृषि तथा ग्रामिण सडकको Right Of Way बाट | ५० मी. |

# <u>अनुसूची-४</u>

नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना तथा संचालनका लागि निर्धारित दूरी सम्बन्धी मापदण्ड

(दफा १९(१) सँग सम्बन्धित)

| क्र.स. | विवरण | न्युनतम दूरी (मीटरमा) |
|---|---|---|
| १ | नदी, खोलाको वर्षातको प्रवाहमा आधारित सीमा किनार | १० मी. |
| २ | ऐतिहासिक धार्मिक महत्वका घाटक्षेत्रबाट | ५० मी. |
| ३ | २२० के.भी. भन्दा कमको हाईटेन्सन लाइनबाट | ५० मी. |
| ४ | २२० के.भी. भन्दा माथिको हाईटेन्सन लाइनबाट | १०० मी. |
| ५ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २०० मी. |
| ६ | निकुञ्ज, आरक्ष क्षेत्र, संरक्षित क्षेत्र तथा चुरेको वातावरण संरक्षण क्षेत्रबाट | ५००मी. |
| ७ | घनाबस्तिबाट | ५०० मी. |
| ८ | वन क्षेत्रबाट | ५०० मी. |
| ९ | झोलुंगे पुलबाट | २०० मी. |
| १० | पक्की पुलबाट | ५०० मी. |
| ११ | राष्ट्रिय लोकमार्गको Right Of Way बाट | २०० मी. |
| १२ | प्रदेश स्तरका लोकमार्गको Right Of Way बाट | १००मी. |
| १३ | स्थानीय स्तरका कृषि तथा ग्रामिण सडकको Right Of Way बाट | ५० मी. |

**<u>अनुसूची-५</u>**

## खत्याड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## रामतडी, मुगु

(कर्णाली प्रदेश, नेपाल)

उत्खनन्कर्ताले राख्ने नदीजन्य पदार्थ तथा अन्य पदार्थको दैनिक उत्खनन् अभिलेख

| क्र.सं. | उत्खनन् गरिएको मिति | उत्खनन् गरिएको परिमाण | उत्खनन्कर्ताको प्रतिनिधिको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |

<u>अनुसूची-६</u>

**खत्याड गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रामडी, मुगु**

(कर्णाली प्रदेश, नेपाल)

नदीजन्य पदार्थ निकासी शुल्कः

नाकाको नामः

व्यावसायीको नाम र ठेगानाः भ्याट नं.

मितिः समयः

आन्तरिक निकासी आ.व.............

श्री .........................

ठेगाना.......................

| विवरण | गाडी नं. | परिमाण | दर (क्यु. फिट) | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | भ्याट १३% | | | | |
| अक्षरुपी | रोयल्टी भ्याट सहितको रकम | | | | |
| | कुल रकम | | | | |

**आज्ञाले,**

बासुदेव कार्की

**प्रमुख प्रशासकीय अधिकृत**